नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
# स्थानीय पूर्वाधार विभाग
योजना तथा विकास सहायिता समन्वय शाखा
श्रीमहल, पुल्चोक, ललितपुर

प.सं.: २०७६।७७
च.नं.: 223

मिति: २०७७/०२/१६

**श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,**
**श्री हुलाक सेवा विभाग,**
डिल्लीबजार, काठमाडौं

**विषय: सूचनाको हक सम्बन्धी तेश्रो त्रैमासिक विवरण सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सो को नियमावलीको नियम (३) बमोजिम प्रत्येक तीन तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नुपर्ने व्यवस्था भए बमोजिम यस विभागको आ.व. २०७६।७७ को तेश्रो त्रैमासिक (माघ देखि चैत्र महिनासम्मको) विवरण यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

२०७७/०२/१६
महेशचन्द्र न्यौपाने
सि.डि.ई.

**अवगतार्थ:**
श्रीमान् महानिर्देशक ज्यू,
स्थानीय पूर्वाधार विभाग,
श्रीमहल, पुल्चोक, ललितपुर ।

# स्थानीय पूर्वाधार विभागको संगठन संरचना, दरबन्दी तेरीज

# र

# शाखाको कार्य विवरण

नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

स्थानीय पूर्वाधार विभाग

ललितपुर

२०७६

# स्थानीय पूर्वाधार विभागसंग सम्बन्धीत सार्वजनिक विवरण

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

क) निकायको स्वरुप र प्रकृति :

विभाग (सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्राविधिक क्षेत्रको जिम्मेवारी निर्वाह गर्ने गरी स्थापना भएको) । विकास निर्माण सम्वन्धी कार्यक्रमहरुको समन्वय तथा कार्यान्वयन गर्ने निकाय । प्रदेश तथा स्थानीयस्तरमा गरिने भौतिक पूर्वाधार विकास सम्वन्धी नीतिहरु तथा प्राविधिक मापदण्ड, निर्देशिका, नमूना फारामहरु तयार गरी सहयोग गर्ने ।

ख) निकायको काम, कर्तव्य र अधिकार :

विगतमा स्थानीय पूर्वाधार विकास नीति, २०६१ भित्र सातवटा स्थानीय पूर्वाधारका क्षेत्रहरुको ToR अनुसार निर्धारित क्षेत्रहरुको तोकिए अनुसारको जिम्मेवारी बहन गर्ने गरेको छ ।


- स्थानीय यातायात
- सिंचाई तथा नदी नियन्त्रण
- लघु जलविद्युत तथा वैकल्पिक उर्जा
- खानेपानी, ढल निकास तथा सरसफाइ
- आवास भवन तथा शहरी विकास
- फोहरमैला व्यवस्थापन
- सामाजिक पूर्वाधार

हाल: सडक तथा सडक पुल, झोलुङ्गेपुल र सञ्चालनमा रहेका खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र र सिंचाई तथा नदी नियन्त्रण सम्बन्धी कार्यहरुकोसमन्वय तथा कार्यान्वयन गरिरहेको ।

ग) निकायको संगठन संरचना :–

## विद्यमान सांगठनिक ढाँचा

# नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
# स्थानीय पूर्वाधार विभागको संगठन संरचना



घ) विद्यमान दरबन्दीको अवस्था

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय पूर्वाधार विभागको दरबन्दी तेरिज

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | उपसमूह | खुद कायम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प.प्रथम | इन्जिनियरिङ्ग | सिभिल | | १ | |
| २ | उपमहानिर्देशक | रा.प.प्रथम | इन्जिनियरिङ्ग | सिभिल | जनरल | १ | |
| ३ | सि.डि.ई. | रा.प.द्वितीय | इन्जिनियरिङ्ग | सिभिल | जनरल | ३ | |
| ४ | उप-सचिव | रा.प.द्वितीय | प्रशासन | सामान्यप्रशासन | | १ | |
| ५ | शाखाअधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्यप्रशासन | | १ | |
| ६ | लेखाअधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | | १ | |
| ७ | इन्जिनियर | रा.प.तृतीय | इन्जिनियरिङ्ग | सिभिल | जनरल | ८ | |
| ८ | नायबसुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सामान्यप्रशासन | | १ | |
| ९ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | | १ | |
| १० | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | | २ | |
| ११ | हलुकासवारी चालक | श्रेणीविहीन | | | | २ | |
| १२ | कार्यालयसहयोगी | श्रेणीविहीन | | | | ३ | |
| | जम्मा | | | | | २५ | |

ङ) शाखाको कार्य विवरण

१. <u>प्रशासन शाखा</u>ः

- विभाग अन्तर्गत शाखा र इकाईमा कार्यरत कर्मचारीको दरबन्दी बमोजिम पदपूर्तिको व्यवस्था मिलाउने, रिक्त पदको मागको आकृति फाराम लोक सेवा आयोगमा पठाउन सेवा संग सम्बन्धीत मंत्रालयमा पठाउने,
- जनशक्ति योजना अनुसार आपूर्ति गर्ने गराउने व्यवस्था गर्ने,
- बिभागका कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, पदोन्नति, दण्ड सजाय सम्बन्धी कार्य गर्ने,
- जिन्सी समान खरीदका लागि खरीद व्यवस्थापन इकाईसंग समन्वय गरी खरीद योजनामा समावेश गराउने र खरीदको प्रकृया पूरा भए पछि आपूर्ति भएको माल, सामान नियमानुसार सम्बन्धीत खातामा प्रविष्ट गराउने, भण्डारणको व्यवस्था गर्ने, माग फाराम अनुसार निकासा गराउने, नियमित र आवधिक रुपमा जिन्सि निरीक्षण गराई प्रतिबेदन सम्बन्धीत निकायमा पठाउने,
- संगठन विस्तार तथा पुनर्सरचनाका लागि आवश्यक अध्ययन गर्ने गराउने,
- प्रादेशिक र स्थानीय तहको इन्जिनियरिंग, सेवा समूहको प्रावीधिक जनशक्तिको अभिलेख अद्ध्यावधिक गरी राख्ने,
- कर्मचारीको विदा, औषधी उपचार आदिको विवरण अध्यावधिक गरी लगत राख्ने,
- बिभागले तोकेका अन्य कार्य गर्ने गराउने।

२. आर्थिक प्रशासन शाखाः

- बिभागको आर्थिक प्रशासन सम्बन्धी (बजेट तयारी, निकासा, लेखा सम्बन्धी, आन्तरिक तथा अन्तिम लेखापरीक्षण, आर्थिक प्रतिबेदन, बेरुजु फछ्र्यौट) लगायतका सबै कार्य गर्ने,
- वैदेशिक सहयोग अन्तर्गतका आयोजना, परियोजनाहरुको आर्थिक विवरण आदि सम्झौता बमोजिम पठाउन तयार गरी पेश गर्ने र सम्बन्धीत निकायमा पठाउने,
- केन्द्रीय र कार्यसञ्चालनस्तरको लेखा राख्ने, रकमान्तर , सोध भर्ना सम्बन्धी कार्य गर्ने गराउने,
- वैदेशिक सहायता अन्तर्गत सम्झौता बमोजिम केन्द्रले प्रदेश तथा स्थानीय तहमा सञ्चालित योजनाहरुको कोष व्यवस्थापन, सोधभर्ना, आर्थिक प्रतिवेदन, लेखापरीक्षण प्रतिबेदन पठाउनु पर्ने भए सो कार्य समेत गर्ने गराउने,

- विभाग मातहतका कार्यालयहरुको आर्थिक अनुशासन सम्बन्धी कार्य गर्ने गराउने,
- विभागले तोकेका अन्य कार्य गर्ने गराउने ।

३. ग्रामीण सडक तथा पुल शाखाः

- सडक निर्माण सम्बन्धी norms, standards, specifications, design manuals, guidelines, software आदि तयार गर्ने,
- प्रदेश र स्थानीय तहमा सडक पूर्वाधार निर्माणको गुरुयोजना (PTMP) नगरपालिका र गाउँपालिकाको सडक पूर्वाधार निर्माणको गुरुयोजना (MTMP, RMTMP) आदि तयार गर्न निर्देशिकाको ढाँचा तयार गरी सम्बन्धीत तहबाट लागु गर्न प्राविधिक सहयोग उपलब्ध गराउने,
- उपयुक्त प्रविधि पहिचान गरी प्रवर्धनका लागि अनुसनधान गर्न प्रदेश तथा स्थानीय तहसंग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने गराउने,
- पूर्वाधार विकासका लागि सार्वजनिक निर्माण निर्देशिका तयार गरी लागू गर्न गराउने कार्य गर्न,
- सरकारी तथा विकास साझेदारको सहयोगमा हाल सञ्चालित क्रमागत सडक आयोजना तथा परियोजना हरुको तार्किकरुमा कार्य सम्पन्न गर्न गराउन आवश्यक सहयोग गर्ने,
- निर्मित संरचनाहरुको आवधिक तथा नियमित मर्मतसंभारको व्यवस्था गर्ने गराउने,
- सडक पुल/कल्भर्ट सम्बन्धी राष्ट्रिय norms, standards, specifications, design manuals, guidelines, software आदि तयार गर्ने,
- सडकपुलको नविनतम प्रविधि अवलम्वनका लागि अध्ययन, अनुसन्धान कार्य गर्ने, गराउने,
- प्रदेश तथा स्थानीय तहबाट पुल निर्माणमा माग भएको आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने,
- निर्माण सामग्री एवं निर्माण कार्यको गुणस्तर कायम गर्न आवश्यक सहयोग गर्ने,
- सडक पुलको निर्माण सामग्री एवं निर्माण कार्यको गुणस्तर कायम गर्न केन्द्रीय प्रयोगशालाला परीक्षण गर्ने व्यवस्था गर्ने र समयमै प्रयोगशाला प्रतिवेदन सम्बन्धीत निकायमा पठाउने,
- सम्बन्धीत प्राविधिक जनशक्तिलाई पुल सम्बन्धी नविनतम प्रविधि तथा software सम्बन्धी तालिम तथा अन्य क्षमता विकासका कार्य गर्ने गराउने,

- सिर्जित पूर्वाधारको नियमित मर्मत संभारको योजना बनाई मर्मतसंभारको कार्य गर्ने गराउने ।

४. झोलुङ्गेपुल शाखाः

- झोलुङ्गेपुल सम्बन्धी राष्ट्रिय norms, standards, specifications, design manuals, guidelines, software आदि तयार गर्ने,
- जटिल प्रकृतिको तथा नविनतम प्रविधिको झोलुङ्गेपुलको निमार्ण प्रविधि अवलम्बनका लागि अध्ययन, अनुसन्धान कार्य गर्ने, गराउने,
- प्रदेश र स्थानीयतहमा निर्माणाधीन वा निर्माण हुने झोलुङ्गेपुल निर्माणका लागि प्रदेश तथा स्थानीय तहसंग समन्वय गरी लट्टाको माग संकलन गरी केन्द्रीय खरिद व्यवस्थापन गर्ने, खरिद कार्यको स्पेसिफिकेशन अनुसार गुणस्तर कायम समेत गर्ने र समयमा सम्बन्धीत निकायमा आपुर्तिको व्यवस्था गर्ने,
- प्रदेश तथा स्थानीय तहबाट झोलुङ्गेपुल निर्माणमा माग भएको आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने,
- सरकारी तथा विकास साझेदारको सहयोगमा हाल सञ्चालित क्रमागत आयोजना तथा परियोजना हरुको तार्किक रुपमा कार्य सम्पन्न गर्न गराउन आवश्यक सहयोग गर्ने ।
- सम्बन्धीत प्राविधिक जनशक्तिलाई झोलुङ्गे पुल सम्बन्धी नविनतम प्रविधि तथा software सम्बन्धी तालिम गर्ने गराउने ।

**५. योजना तथा विकास सहायता समन्वय शाखाः**

**<u>यस शाखाको काम, कर्तव्य र जम्मेवारी निम्नानुसार हुनेछः-</u>**

- प्रादेशिक यातायात गुरु योजना (PTMP), नगर यातायात गुरुयोजना (MTMP), गाउँ यातायात गुरुयोजना (RMTMP) तयारीको नमूना कार्यविधि तयार गर्ने र प्रदेश तथा स्थानीय तहबाट तयार गर्न गराउन माग भएमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने,
- स्थानीय एवं प्रादेशिक तहमा आयोजना, परियोजना सञ्चालन गर्दा सहभागितात्मक, समावेशी र सामाजिक न्यायमा आधारित वातावरण, लैङ्गिक, बालबालिका, अपाङ्ग र साना औजार मैत्री बनाउने र सेवा सुविधा संग सहज पहुँच बढाउन र सेवा सुविधा हस्तान्तरणमा सहजता ल्याउने नीतिलाई प्रोत्साहित गर्न सबै तहमा कार्यान्वयनमा ल्याउने वातावरण सिर्जना गर्ने,

- स्थानीय तथा प्रदेशस्तरमा सडक, पुल मर्मतसंभारका लागि सम्बन्धीत निकायको नीति, कानून योजना, गुरुयोजनाका आधारमा मर्मतसंभार गर्न गराउन सडक बोर्ड वा नेपाल सरकारले तोकेको निकायबाट रकम निकासा गराउन सम्बन्धीत तहको प्रस्तावलाई उक्त बोर्डको नीति सम्मत छ छैन हेरी मंत्रालयमा सिफारिश गर्ने,
- योजना आयोग वा मंत्रालयबाट प्राप्त बजेट पूर्वानुमान र मार्गदर्शनका आधारमा मंत्रालयसंग समन्वय गरी आगामी बर्ष वा त्रिवर्षीय योजना तयार गर्ने, राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोगले निर्धारण गरेको मापदण्डका आधारमा प्रदेश तथा स्थानीय तहमा बजेट पूर्वानुमान तथा मार्ग दर्शन पठाउन मंत्रालयलाई सहयोग गर्ने,
- विभागको कार्यक्षेत्र सम्बन्धी विषयमा व्यवस्थापन परीक्षण, सेवाग्राही सन्तुष्टि सर्वेक्षण गराई सेवा प्रवाहको अनुगमनका लागि सूचक तयारी र मापदण्ड निर्धारण गरी सबै शाखामा पठाउने र नियमित अनुगमन गर्ने गराउने,
- सबै तहमा पहिचान भएका सडक, पुल, झोलुङ्गेपुल, भवन, आवास तथा सहरी विकास र बस्ति विकास आदि आफ्नो कार्यक्षेत्रका आयोजनाहरुका लागि संभाव्यता, अध्ययन, डिजाइन वा डिपिआर निर्माणका लागि बजेट प्रक्षेपण गरी मंत्रालयमा पठाउने,
- विभाग मार्फत वर्तमानमा नेपाल सरकार तथा वैदेशिक सहायता अन्तर्गत सञ्चालित कार्यक्रम, आयोजना, परियोजनाहरुलाई संझौता बमोजिम कार्यसम्पन्न गर्न गराउन आवश्यक बजेट व्यवस्था गर्ने र आवश्यकतानुसार प्राविधिक सहयोग उपलब्ध गर्ने गराउने,
- सडक यातायात, पुल, झोलुङ्गे पुल, यातायात व्यवस्थापन, भवन, आवास, सहरी विकास, वस्ती विकास लगायतका क्षेत्रमा वैदेशिक सहायता परिचालनका लागि राष्ट्रिय निति बमोजिम विकास साझेदारहरुसंग समन्वय गर्ने र पूँजी तथा प्राविधिक सहयोग परिचालन गर्न गराउन आवश्यक सहयोग गर्ने, पूर्वाधारका क्षेत्रमा वैदेशिक सहायता र लगानी परिचालनका लागि राष्ट्रिय नीतिको परिधिभित्र रही विशेष नीति र निर्देशिका तयार गरी स्वीकृत गराउने,

- प्रादेशिक र स्थानीय तहबाट माग भएको प्रविधिक सहयोगका साथै क्षमता विकासका कार्य समेत गर्न समन्वय गर्ने,
- राष्ट्रियस्तरमा प्राथमिकता प्राप्त प्रादेशिक आयोजना तथा परियोजनाहरुको प्राप्त परिणामको उपलब्धि समीक्षा आवधिक रुपमा गर्ने गराउने,
- विभिन्न किसिमका फर्म्याटहरुलाई सफ्टवयरमा ढाली लागू गर्न गराउन जडान र कार्यान्वयनका लागि क्षमता विकासका कार्य सबै तहमा गर्ने गराउने,
- विभागसंग सम्बद्ध तालिम नीति, मापदण्ड निर्धारण गर्ने र उपयुक्त तालिम प्रदायक संस्था संग समन्वय गरीविभिन्न किसिमका तालिमका कार्यक्रम वार्षिक बजेटमा समावेश गरी तालिम सञ्चालन गर्ने गराउने,
- आयोजनाहरुमा गुणस्तर मापन, नियन्त्रणका लागि आवश्यकतानुसार केन्द्र, प्रदेश र स्थानीयतहमा विभिन्न जनशक्ति, प्रयोगशाला र उपकरणको व्यवस्था गर्ने गराउने,
- केन्द्र, स्थानीय एवं प्रादेशिक तहमा आयोजना, परियोजना सञ्चालन गर्दा सहभागितात्मक, समावेशी र सामाजिक न्यायमा आधारित वातावरण, लैङ्गिक, बालबालिका, अपाङ्ग र साना औजार मैत्री बनाउने र सेवा सुविधासंग सहज पहुँच बढाउन र सेवा सुविधा हस्तान्तरणमा सहजता ल्याउने नीतिलाई प्रोत्साहित गर्ने कृयाकलापहरूलाई सबै तहमा कार्यान्वयनमा ल्याउने वातावरण सिर्जना गर्ने,
- डिजाइनकोड, दर विश्लेषण (Norms), Standards, Specifications, Design, Manuals, Guidelines, software आदि तयारी गर्ने,
- विभाग मार्फत वर्तमानमा सरकारी तथा वैदेशिक सहायता अन्तर्गत सञ्चालित कार्यक्रम, आयोजना, परियोजनाहरुलाई संझौता बमोजिम कार्यसम्पन्न गर्न गराउन आवश्यक बजेट ब्यवस्था गर्ने र आवश्यकतानुसार प्राविधिक सहयोग उपलब्ध गर्ने गराउने,
- सडक यातायात, पुल, झोलुङ्गेपुल, यातायात व्यवस्थापन, भवन, आवास, सहरी विकास, वस्ती विकास लगायतका राष्ट्रिय नीति, कानून मापदण्ड पालना भए नभएको नियमित अनुगमन गरी सम्बन्धीत मंत्रालय मार्फत निर्देशन पठाउने,

- सुशासनका औजारहरु (नागरिक बडापत्र, सार्वजनिक परीक्षण, सामुदायिक परीक्षण, नागरिक सुनवाई, गुनासो व्यवस्थापन जस्ता औजारहरु ) सबै तहमा लागु गर्न गराउन र नागरिक संवेदनशील, जवाफदेहि , उत्तरदायी, पारदर्शी र भ्रष्टाचाररहित शासन व्यवस्था सबै तहमा सञ्चालन, व्यवस्थापन र कायम गर्न गराउन मौजुदा नीति, कानून, नियम, निर्देशिका तर्जुमा वा समसामयिक परिमार्जन गरी सबै तहमा लागू गर्न गराउन संस्थागत संयन्त्र र व्यवस्था गर्ने गराउने,
- विभागको कार्यक्षेत्र सम्बन्धी विषयमा व्यवस्थापन परीक्षण, सेवाग्राही सन्तुष्टि सर्वेक्षण गराई सेवा प्रवाहको अनुगमनका लागि सूचक तयारी र मापदण्ड निर्धारण गरी सबै तशाखामा पठाउने र नियमित अनुगमन गर्ने गराउने,
- सबै तहमा गुनासो सुन्ने र समयमा सम्बोधन गर्ने संयन्त्र स्थापनाको लागि संस्थागत व्यवस्था गर्ने र गुनासो सुनवाईका लागि विभिन्न संचार माध्यमको व्यवस्था समेत गर्न गराउन प्रोत्साहित गर्ने,
- सबै तहका आयोजनाहरुको गुणस्तर नियन्त्रका लागि मापदण्ड अनुसार सञ्चालन भए नभएको अनुगमन गरी गुणस्तर कायम गराउने कार्यका लागि निर्देशन दिने,
- सबै तहका कार्यक्रम, योजना तथा आयोजनाहरुको अनुगमनका लागि सूचकहरु सहितको दिग्दर्शन, फाराम, निर्देशिका पठाउने र उक्तानुसार भए नभएको सुनिश्चित गर्ने,
- आयोजना कार्यान्वयनमा देखा परेका समस्याहरुको कारण विश्लेषण गरी सम्बन्धीत पक्ष संग समन्वय गरी समाधानको पहल गर्ने र आवश्यक सहजिकरण, निर्देशन दिने,
- आयोजना अनुगमन र मुल्याङ्कनका लागि एकरुपताका लागि कार्यान्वयन कार्यविधि, फारामहरु डिजाइन गरी सम्बन्धीत तहहरू निकायमा पठाउने,
- संघीय विभागको लागि चाहिने जनशक्ति, (स्थायी तथा करारमा चहिने) को समय समय मा कार्य बोझ अनुसार प्रक्षेपण गर्नुको साथै सम्पूर्ण योजना तयार गर्ने,
- जनशक्तिको कार्य विवरण अनुसार अल्पकालीन, मध्यमकालीन तथा लामो अध्ययनको व्यवस्था गर्ने, तालिमको पाठ्यक्रम र सामाग्री तयार गर्ने र तालिम प्रदान गर्ने संस्था संग समन्वय गर्ने,
- विभागको समस्त मानव संशाधनको विकासका लागि पहल गर्ने ।

ठ) सम्पादन गरेको कामको विवरण

- सबै शाखा आयोजना परियोजना कार्यक्रम मार्फत कार्य सम्पादनको प्रगति प्रतिवेदन (चौमासिक वार्षिक प्रगति प्रतिवेदन) लिने गरिएको।
- सम्बन्धीत प्रदेश सरकारबाट उपलब्ध हुने एकीकृत रुपमा चौमासिक र वार्षिक प्रतिवेदनबाट प्राप्त गर्न सकिने।
- सम्बन्धीत स्थानीय सरकारबाट उपलब्ध हुने एकीकृत रुपमा चौमासिक र वार्षिक प्रतिवेदनबाट प्राप्त गर्न सकिने।
- चालू आ.व. मा यस विभाग र मातहत कार्यक्रम आयोजना साथै यस विभागबाट समन्वय गरिने प्रदेश र स्थानीय तहहरुबाट २०७६ चैत्र मसान्तभित्र सम्पादित कार्यहरु यसै साथ संलग्न गरिएको छ ।

ड) सूचना अधिकारी र प्रमुखको नाम र पद

- महेश चन्द्र न्यौपाने (सहायक सूचना अधिकारी), सि.डि.ई., ९८५१२१९५५५

ढ) ऐन, नियम, विनिमय वा निर्देशिकाको सूची

- स्थानीय पूर्वाधार विभाग (DoLI) को Website मा सबै राखिएको ।

www.doli.gov.np/downloads

- LID Policy 2001
- DTMP Guideline 2012
- Guide for Using Otta Seals (NPRA)
- Technical Specifications
- Work Norms
- Trail Bridge Strategy 2066
- Design Manual (SIP)
- Statistics of Local Road Network (SLRN) 2016

- साथै मन्त्रालयको website: website:www.mofaga.np बाट समेत download गर्न सकिने ।

ण) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

- मासिक चौमासिक वार्षिक प्रगति प्रतिवेदन Notice Board एवं MDAC मार्फत सार्वजनकि गर्ने गरिएको।
- आ. व. २०७६।७७ को हाल (२०७६ चैत्र मसान्त) सम्मको विवरण संलग्न छ ।

त) तोकिए बमोजिमका अन्य विवरण

- स्थानीय तथा प्रादेशिक सडकहरुको तथ्यांक संकलन गर्ने,
- Work Norms मा आवश्यक पुनरावलोकन गर्ने,
- Standard Drawings तयार गर्ने,

- स्थानीय तहहरुमा सडक मर्मत सम्भारका लागि बजेट विनियोजन गर्ने सम्बन्धी कार्यमा सहजीकरण गर्ने,
- नीतिगत तथा कार्यान्वयन तहका पदाधिकारी कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने गराउने,
- स्थानीय पूर्वाधार विकास बारे अनुसन्धान सम्बन्धी काम गर्ने,

थ) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण

- सडक तथा सडक पुल, झोलुङ्गेपुल र सञ्चालनमा रहेका खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र र सिंचाई तथा नदी नियन्त्रण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नुको साथै सडक मर्मतसंभार सम्बन्धी कार्यहरु सञ्चालन गरेको।
- विवरण संलग्न छ।

द) सार्वजनिक निकायको वेभसाईट

- www.doli.gov.np

ध) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एंव प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

- हाल विभाग मातहत सञ्चालित एघार (११) वटा कार्यक्रमहरु मध्ये नौ (९) वटा कार्यक्रममा वैदेशिक सहयोग रहेको छ । सो को विवरण यसैसाथ संलग्न छ ।

न) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन

- कार्यक्रमगत प्रगति यसैसाथ संलग्न छ ।

प) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्ने तोकिएको समयावधि

- स्थानीय सडक सञ्जाल सम्बन्धी नक्शा सहितको विस्तृत विवरणः छापा प्रति र विभागको website मा राखिएको।

फ) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण

- दर्ता कितावबाट प्राप्त गर्न सकिने।
- विशेषतः विभाग अन्तर्गत सञ्चालित आयोजनाहरुको कार्य विवरण र ठेक्का विवरणको माग सङ्घीय संसद, प्रतिनिधि सभा, अर्थ समितिले गर्ने गरेको।

ब) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण

- बुलेटिन पत्रपत्रिका मार्फत जानकारी लिन सकिने।

- स्थानीय तहहरुमा सडक मर्मत सम्भारका लागि बजेट विनियोजन गर्ने सम्बन्धी कार्यमा सहजीकरण गर्ने,
- नीतिगत तथा कार्यान्वयन तहका पदाधिकारी कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने गराउने,
- स्थानीय पूर्वाधार विकास बारे अनुसन्धान सम्बन्धी काम गर्ने,

**थ) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण**

- सडक तथा सडक पुल, झोलुङ्गेपुल र सञ्चालनमा रहेका खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र र सिंचाई तथा नदी नियन्त्रण सम्बन्धी  कार्यक्रमहरु सञ्चालन गर्नुको साथै सडक मर्मतसंभार सम्बन्धी कार्यहरु सञ्चालन गरेको।
- विवरण संलग्न छ।

**द) सार्वजनिक निकायको वेभसाईट**

- www.doli.gov.np

**ध) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एंव प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण**

- हाल विभाग मातहत सञ्चालित एघार (११) वटा कार्यक्रमहरु मध्ये नौ (९) वटा कार्यक्रममा वैदेशिक सहयोग रहेको छ । सो को विवरण यसैसाथ संलग्न छ ।

**न) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन**

- कार्यक्रमगत प्रगति यसैसाथ संलग्न छ ।

**प) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि**

- स्थानीय सडक सञ्जाल सम्बन्धी नक्शा सहितको विस्तृत विवरणः छापा प्रति र विभागको website मा राखिएको।

**फ) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण**

- दर्ता किताबबाट प्राप्त गर्न सकिने।
- विशेषतः विभाग अन्तर्गत सञ्चालित आयोजनाहरुको कार्य विवरण र ठेक्का विवरणको माग सङ्घीय संसद, प्रतिनिधि सभा, अर्थ समितिले गर्ने गरेको।

**ब) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण**

- बुलेटिन पत्रपत्रिका मार्फत जानकारी लिन सकिने।

स्थानीय पूर्वाधार विभाग अन्तर्गत कार्यक्रम रआयोजनाहरुको आगामी आ.व. २०७६/७७ का लागि विनियोजिन हुने नेपाल सरकार र वैदेशिक सहायता समेतको विवरण विवरण

रकम रु लाखमा

| क.सं. | नयाँ ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | कार्यक्रम लागु भएको जिल्लाको संख्या | नेपाल सरकार | वैदेशिक सहायता | | | | कुल जम्मा बजेट | आयोजनाको अवधी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | वैदेशिक अनुदान | वैदेशिक ऋण | वस्तुगत सहायता | कुल बजेट | | शुरु आ.व. | सम्पन्न हुने आ.व. |
| १ | ३६५०११०१ | ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना | १० जिल्लाहरू (अछाम, बझाङ, दार्चुला,बैतडी, बाजुरा, हुम्ला,डोटी, कैलाली, डडेलधुरार दैलेख) | १८६५.५१ | १०४००.०० | | | १०४००.०० | १२४४६.०० | मार्च २०१६ | फ्रेबुअरी २०२२ |
| २ | ३६५०११०२ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | प्रदेश १– पांचथर इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा , प्रदेश ३– सिन्धुली, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, काठमाडौ, भक्तपुर, चितवन, गण्डकी प्रदेश– पर्वत, प्रदेश ५– रुकुम–पूव,रोल्पा प्रदेश ६– रुकुम– पश्चिम | १०७५७.०० | | ३६९८८.०० | | ३६९८८.०० | ४७७४५.०० | १२ फ्रेबुअरी २०१८ | ३१ जनवरी २०२३ |
| ३ | ३६५०११०३ | झोलुङ्गेपुल क्षेतगत कार्यक्रम | सबै जिल्लाहरू | ३७१८६.०० | २५००.०० | | | २५००.०० | ३९६८६.०० | २०६६/६७ देखि सालबसाली | सालबसाली |
| ४ | ३६५०११०४ | ग्रामीण पहुँच कार्यक्रम | १८ जिल्लाहरू– झापा, मोरङ, शंखुवासभा, सिन्धुपाल्चोक, पर्वत, सुर्खेत, दैलेख, जुम्ला, मुगु, कालिकोट, डोल्पा, जाजरकोट, रूकुम पश्चिम, सल्यान, डोटी, अछाम, डडेलधुरा, बाजुरा । | ५४८६.०० | १०१६५.०० | | | १०१६५.०० | १५६५१.०० | अक्टोबर २०१३ | मे २०२१ |
| ५ | ३६५०११०५ | पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम | १४ जिल्लाहरू–स्यान्दी, बागलुङ, पर्वत, स्याङ्जा, तनँहु, नवलपासी,रुपन्देही, कपिलवस्तु, प्युठान, गुल्मी, अर्घाखाची, रोल्पा, पाल्पा, मुस्ताङ | ३८.१६ | | | | | ३८.१६ | २०७०/७१ | २०७६/७७ |
| ६ | ३६५०११०६ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना | सबै जिल्लाहरू | २३०८५.०० | ३०००.०० | ०.०० | | ३०००.०० | २६०८५.०० | २०६३ देखि सालबसाली | सालबसाली |

स्थानीय पूर्वाधार विभाग अन्तर्गत कार्यक्रम रआयोजनाहरुको आगामी आ.व. २०७६/७७ का लागि विनियोजिन हुने नेपाल सरकार र वैदेशिक सहायता समेतको विवरण विवरण

रकम रु लाखमा

| क.सं. | नयाँ ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | कार्यक्रम लागु भएको जिल्लाको संख्या | नेपाल सरकार | वैदेशिक सहायता | | | | कुल जम्मा बजेट | आयोजनाको अवधी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | वैदेशिक अनुदान | वैदेशिक ऋण | वस्तुगत सहायता | कुल बजेट | | शुरु आ.व. | सम्पन्न हुने आ.व. |
| ७ | ३६५०११०७ | पूर्वी चितवन नदि व्यवस्थापन तथा जीवीकोपार्जन सुधार कार्यक्रम | चितवन जिल्लाका ४ नगरपालिका | ७६१.०० | १०७८.०० | ०.०० | | १०७८.०० | १८३९.०० | सन् २०१४ | १५ जुलाइ २०२० |
| ८ | ३६५०११०८ | राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम | लागु भएका जिल्लाः -३६_ कैलाली, बर्दिया, बँकि सल्यान, कपिलबस्तु, रुपन्देहि, नवलपरासी, पाल्पा, स्याङ्जा, कास्की, धादिङ्ग नुवाकोट, रसुवा, मकवानपुर, रौतहट, सर्लाहि महोत्तरी, धनुषा, सिराहा, उदयपुर, ससरी, बारा, पर्सा, तनहुँ, गुल्मी, अर्घाखाँची, प्युठान, दाङ, सुर्खेत, कञ्चनपुर, तेह्रथुम, शंखुवासभा, भोजपुर, गोरखा, लमजुङ्ग, सिन्धुपाल्चोक | ९६१४.६० | ७६४०.०० | २०१६.५६ | | ९६५६.५६ | १९२७१.९५ | २४ मार्च, २०१४ | १५ जनवरी २०२० |
| ९ | ३६५०११०९ | साना सिचाई कार्यक्रम | ८ जिल्ला (उदयपुर, खोटांग, ओखलढुंगा, इलाम, पांचथर, तेरथुम, धनकुटा , भोजपुर) का ४५ नगरपालिका/ गाउँपालिका | १७१९.०३ | २९५२.२६ | ०.०० | | २९५२.२६ | ४६७१.२९ | सन् २०१५ | डिसेम्बर २०१९ |
| १० | ३६५०११११ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | | ३०५२.०० | | | | | ३०५२.०० | २०७६/७७ | २०७९/८० |
| ११ | ३६५०१११२ | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम | | ५०७००.०० | | | | | ५०७००.०० | २०७६/७७ | २०७९/८० |

## आ. व. २०७६।७७ को दोश्रो त्रैमासिक अवधि (माघ देखि चैत्र मसान्तसम्म) को प्रगति विवरण

| क.सं. | कार्यक्रम/आयोजनाको नाम | प्रगति विवरण (क्रियाकलापहरू) |
|---|---|---|
| १ | स्थानीय पूर्वाधार विभाग (DoLI) | वर्क नर्म्समा आवश्यक पुनरावलोकन गर्न परामर्शदाताको खरिदको प्रस्ताव तयार गरेको। |
| | | सडक तथा सडक पुलका लागि उपयोगी हुने स्टयाण्डर्ड नक्शाहरु तयार गर्न परामर्शदाता खरिद प्रस्ताव तयार गरेको। |
| | | सडकको तथ्याङ्क सङ्कलन गर्ने सम्बन्धी २०७६/०८/१० गते विभागस्तरीय आन्तरीक बैठक बसेको। |
| | | ७५३ स्थानीय तहलाई मिति २०७६/०९/२४ गते सडकको तथ्याङ्क तयार गर्ने सम्बन्धी इमेल मार्फत फारामहरू पठाईएको। |
| २ | ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना(RVWRMP-III) | ५२ वटा खानेपानी आयोजना सम्पन्न भई ३३६१० जना लाभन्वित भएको |
| | | ८ वटा शौचालयबाट १४२८ जनसख्या लाभान्वित भएको । |
| | | ३० वटा सिंचाई अथवा बहुउपयोगी योजना सम्पन्न भई ६२२५ जना लाभान्वित भएको । |
| ३ | ग्रामीण सडक संजाल सुधार आयोजना(RCIP) | सडक चौडाई विस्तार तथा मोड सुधार गर्ने कार्य (२६९.४० कि .मि.) सम्पन्न । |
| | | नाली तथा टेवा पर्खाल सहितका संरचना निर्माण (१३५.४६ कि .मि.) सम्पन्न । |
| | | सडकमा सबबेसको कार्य (११४.१० कि .मि.) सम्पन्न । |
| | | सडक कालोपत्रे गर्ने कार्य (११४.१० कि .मि.) सम्पन्न । |
| | | सडकमा बेसको कार्य (५.२ कि .मि.) सम्पन्न । |
| ४ | झोलुङ्गेपुल क्षेतगत कार्यक्रम (TBSWAp) | दुइ ओटाको ठेक्का सम्झौता भएको। |
| | | ४८५ओटा पुलको सर्भे डिजाइन भएको। |
| | | १२२ ओटा झोलुङ्गेपुल निर्माण सम्पन्न भएको। |
| ५ | ग्रामीण पहुँच कार्यक्रम (RAP3 MHLR) | सडक नियमित मर्मतसम्भार तर्फ १६३६ कि.मी सडकको मर्मत भएको । |
| | | सुगु-हुम्ला लिंक सडक ६७ कि.मी. निर्माण गर्नुपर्ने मध्ये |
| | | ३.५ मी. ट्र्याक खोल्ने ६२.६१ कि.मी. सम्पन्न । |
| | | ४.५ मी. सडक चौडा गर्ने ५९.२२ कि.मी. सम्पन्न । |
| | | र सारभूत रूपमा निर्माण (Subtantial completion) ३५ कि.मी. सम्पन्न । |
| ६ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना(LRBP) | २६ वटा सडक पुलको DPR तयार भैरहेको। |
| | | ११ वटा सडक पुल निर्माण सम्पन्न । |
| ७ | पूर्वी चितवन नदी व्यवस्थापन तथा जीविकोपार्जन सुधार कार्यक्रम(ECRTLIP) | योजनाको छनौट : ९५ वटा सम्पन्न। |
| | | सर्वे : ९४ वटा सम्पन्न। |
| | | लागत अनुमान तयारी : ९४ वटा सम्पन्न। |
| | | Final Report तयारी र सम्पन्नता : १० वटा सम्पन्न। |
| ८ | राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम (SNRTP) | सडक स्तरोन्नति= ३१६ कि.मी. सम्पन्न । |
| | | कालोपत्रे सडक (Ottaseal)= २११ कि.मी. सम्पन्न । |
| | | ग्राभेल सडक= १०५ कि.मी. सम्पन्न । |
| | | नयाँ सडक पुल निर्माण = २९८ मी. सम्पन्न । |
| ९ | साना सिचाई कार्यक्रम (SIP) | १४९ वटा योजनाहरुको छनौट कार्य सम्पन्न भई अन्य योजनाहरु संभाव्यता अध्ययनको क्रममा रहेका। |
| | | छनौट भएका योजनाहरूको सर्वेको काम सम्पन्न भैसकेको। |
| | | ११३ वटा क्रमागत योजनामा ४५ वटा योजनाको निर्माणको कार्य अघिल्लो आ. व. मा नै सम्पन्न भइसकेको हुनाले यस आ. व. मा निर्माण गर्नु पर्ने ६८ वटा क्रमागत योजनामा कुल ८५% भौतिक प्रगति हासिल। |

## आ. व. २०७६।७७ को दोश्रो त्रैमासिक अवधि (माघ देखि चैत्र मसान्तसम्म) को प्रगति विवरण

| क.सं. | कार्यक्रम/आयोजनाको नाम | प्रगति विवरण (क्रियाकलापहरू) |
|---|---|---|
| १० | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम (LABIDP) | स्थानीय तहबाट भवनको माग (प्रस्ताव) का निम्ति मिति २०७६।०९।२४ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरिएकोमा कुल २३८ वटा स्थानीय तहबाट माग संकलन भएको । |
| ११ | प्रादेशिक एवम स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम (PLRCIP) | कार्यान्वयन सम्बन्धमा द्विविधा भएकोले हालसम्म बजेट बाँडफाँट नै हुन नसकेको, सबै बजेट भैपरी शीर्षकमा नै रहेको । |